haultarganggamun.gov.np
info@puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
पुथाउत्तरगङ्गागाउँपालिका


# गाउँकार्यपालिकाको कार्यालय


नकसेरा,रुकुम पूर्वी भाग।
लुम्बिनी प्रदेश,नेपाल


प.स. २०८१।०८२ मिति २०८२।०२।१२गते

सूचना नं. ११० ने.सं.:(११४५ वछलागा, १४ सोमबार)

## सेवा करारमा शिक्षक पदपूर्ति सम्बन्धी सूचना !

यस पुथा उत्तरगङ्गा गाउँपालिकाअन्तर्गतको शिक्षा समितिको प्रतिवेदनको आधारमा पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा मिति २०८२।०२।०४ गते गरेको विज्ञापन बमोजिम देहायका माग भएका पदहरूमा माग सङ्ख्या अनुसार दरखास्त पेस नभएको हुँदा तपसिलका पदहरूमा पुनःदरखास्तका लागि यो सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८२।०२।१८) सम्ममा तपसिल बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले भौतिक/ई-मेल मार्फत तोकिएको मितिभित्र दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| विज्ञापन नं. | पद | तह/श्रेणी | विषय | माग पद सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| ३३-२०८१।०८२ | शिक्षक | साविक प्रा.वि.(४-५) | - | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। साथै कम्तिमा सम्बन्धित तहको स्थायी अध्यापन अनुमति-पत्र प्राप्त गरेको। |
| ३४-२०८१।०८२ | शिक्षक | साविक नि.मा.वि. (६-८) | गणित | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। साथै कम्तीमा सम्बन्धित तहको स्थायी अध्यापन अनुमति-पत्र प्राप्त गरेको। |
| ३५-२०८१।०८२ | | | विज्ञान | २ | |
| ३६-२०८१।०८२ | | | अङ्ग्रेजी | ४ | |
| ३७-२०८१।०८२ | | | नेपाली | १ | |
| ३८-२०८१/०८२ | शिक्षक | मा.वि.(९-१०) | सामाजिक | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। साथै माध्यामिक तहको स्थायी अध्यापन अनुमति-पत्र प्राप्त गरेको। |
| ३९-२०८१/०८२ | | | अङ्ग्रेजी | १ | |

नोट:अघिल्लो विज्ञापनमा दरखास्त दिनुभएका इच्छुक उम्मेदवारले तोकिएको भौचर, निवेदन र आवेदन फाराम मात्र बुझाउनु होला।

**१. परीक्षाको किसिम :** क) लिखित परीक्षा (सामान्य र विषयगत)

ख) अन्तर्वार्ता ।

ग) प्रयोगात्मक सीप परीक्षण / सामुहिक परीक्षण (आवश्यक हुने पदमा)

**२. परीक्षा सञ्चालन मिति, समय र केन्द्र :** पछि तोकिने छ ।

**३. दरखास्त दस्तुर :**प्राथमिक तहका लागि रु. ५००, निम्न माध्यमिक तहका लागि रु. ७००,माध्यमिक तहका लागि रु. १०००।

**४. उम्मेदवारको उमेर हद :** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**५. दरखास्त बुझाउने स्थान :** पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको कार्यालय वा ई-मेल मार्फत puthauttargangamun@gmail.comमा पठाउन सकिनेछ । र दरखास्त फाराम यस पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय वा Website को डाउनलोड्स मेनुको **'फारामहरू'**भित्र गई प्राप्त गर्न सकिनेछ ।

**६. दरखास्त दस्तुर बुझाउने बैंक र विधि :** यस गाउँपालिकाको सिद्दार्थ बैंक लि. मा रहेको आन्तरिक राजश्व खाताको नाम PUTHA UTTARGANGA GAUNPALIKA GA 1.1 ANTARIK RAJASHWA KHATA र खाता नम्बर 01415359946 मा तोकिए बमोजिमको रकम दाखिला गर्ने ।वा E sewa Payment का लागि मोवाइल नं. 9849391770 र थप प्रक्रियाको लागि 9847411492 मा सम्पर्क गर्नुहोला ।

**७. सेवा सुविधा :** यस गाउँपालिकाको कार्यविधि बमोजिम ।

**८. आवश्यक कागजातहरू :** नेपाली नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति, न्यूनत्तम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, तालिमको प्रमाणपत्र, स्थायी अध्यापन अनुमति पत्र, समकक्षता प्रमाणपत्र (विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेकाको हकमा) र रकम जम्मा गरेको भौचर ।

९. ई-मेल मार्फत दरखास्त बुझाउने उम्मेदवारहरूले प्रवेश पत्र वितरण हुँदा सक्कल दरखास्त संलग्न गर्नुपर्नेछ ।

**पुनश्च :** शिक्षक सेवा आयोगको २०८०।०८१ को विज्ञापनबाट वैकल्पिक/अस्थायी योग्यताक्रमको सूचीमा परेका उम्मेदवारहरूलाई विशेष प्राथमिकता दिईनेछ ।

पदपूर्ति संयोजक